म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १०७ बिहीबार १३ मंसिर २०८१ ने. सं. ११४५ कछलागा 28 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बहुविवाहमा दोषी ठहर महिला तीन वर्षपछि पक्राउ

हेटौंडा, १२ मंसिर/बहुविवाह मुद्दामा अदालतबाट दोषी ठहर भई फरार रहेकी महिला तीन वर्षपछि पक्राउ परेकी छन् । हेटौंडा उपमहानगरपालिका-३ की ३४ वर्षीया सानु घिसिङलाई प्रहरीले घरबाट पक्राउ गरेको हो । जिल्ला अदालत मकवानपुरले घिसिङलाई २०७९ चैतमा बहुविवाहको कसूरमा ११ महिना १८ दिन कैद गर्ने फैसला सुनाएको थियो । अदालतले १० हजार रुपैयाँ जरिवाना पनि तोकेको थियो । घिसिङलाई प्रहरीले कैद भुक्तानीका लागि अदालतमा पेस गरेको छ । अदालतले कैद र जरिवाना असुली गर्न घिसिङलाई क्षेत्रीय कारागार भीमफेदी पठाएको छ । चालु आवको यस अवधिसम्म प्रहरीले अदालतले दोषी ठहर गरेका तर, फरार रहेका ४० जना अभियुक्तलाई पक्राउ गरेर अदालतमा पेस गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता श्यामु अर्यालले जानकारी दिए ।

# हेटौंडा-१२ मा तीन दलका उम्मेदवार नै मुख्य प्रतिस्पर्धी

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१२ को वडाअध्यक्ष चयनक लागि १६ मंसिरमा हुन गइरहेको उपनिर्वाचनमा भोट माग्न उम्मेदवारहरु घरदैलोमा व्यस्त छन् ।

हेटौंडा उपमहानगर पालिका-१२ को उपनिर्वाचनका लागि नेपाली कांग्रेसबाट अर्जुन तिवारी, नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट राजेश नगरकोटी र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का रविन प्रधान उम्मेदवार छन् । तिवारी, नगरकोटी र प्रधान नै मुख्य प्रतिस्पर्धीको रुपमा देखिएका छन् । गत निर्वाचनको मतपरिणामले पनि यी ती उम्मेदवारको मुख्य प्रतिस्पर्धालाई पुष्टि गर्दछ ।







यसअघि तीनजना उम्मेदवारको मत थोरै मात्रै फरक थियो । गत निर्वाचनमा लडेका तिवारी र नगरकोटी यस पटक पनि चुनावी मैदानमा छन् । गत २०७९ वैशाखमा भएको स्थानीय तह निर्वाचनबाट वडाध्यक्षमा ललितबहादुर घलान निर्वाचित भएका थिए । उनी जिल्ला समन्वय समिति मकवानपुरको प्रमुख बन्न गएपछि रिक्त वडाध्यक्ष पदमा उपनिर्वाचन हुन लागेको हो ।

गत निर्वाचनमा घलानले एक हजार ३७१ मत ल्याएर विजयी भएका थिए । उनका प्रतिस्पर्धी कांग्रेसका तिवारीले एक हजार ३४० मत ल्याउँदा एमालेका नगरकोटीले एक हजार ३२५ मत ल्याएका थिए । तिवारी घलानसँग २०७४ को निर्वाचनमा पनि उठेका थिए । समग्रमा तिवारीको तेस्रो र नगर कोटीको दोस्रो प्रतिस्पर्धा हुँदैछ । माओवादीका प्रधान भने नयाँ अनुहार हुन् । आगामी राजनीतिक भविष्यका लागि पनि तिवारी र नगरकोटीलाई जसरी पनि चुनाव जित्नुपर्ने दबाब छ ।

माओवादी केन्द्रबाट नयाँ उम्मेदवार हुँदा कांग्रेस र एमालेले पुरानै उम्मेदवारलाई मैदानमा उतार्नुले चुनावलाई रोचक बनाएको छ । माओवादी केन्द्रलाई गुमेको वडा फर्काउने चुनौती छ भने एमाले र कांग्रेसलाई पनि यो वडा प्रतिष्ठाको विषय बनेको छ । उम्मेदवारहरुले वडाको विकास, विद्यमान समस्या समाधानलाई मुद्दा बनाएर वडाबासीमाझ प्रतिबद्धता व्यक्त गर्दै विश्वास दिलाउन खोजिरहेका छन् ।

उपनिर्वाचनका लागि नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा )र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले पनि ठूला दललाई चुनौती दिँदै चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । रास्वपाले आशावीर बल, एकीकृत समाजवादीले बलराम बल र राप्रपाले प्रेमबहादुर भ्लोनलाई उम्मेदवार बनाएको छ । उपनिर्वाचनका लागि ९ दलका ९ जना र स्वतन्त्र तीन जना गरी १२ जना उम्मेदवार चुनावी मैदानमा रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

राप्रपाका भ्लोनलाई पनि बलियो उम्मेदवारका रुपमा हेरिएको छ । प्राविधिक क्षेत्रमा काम गरिसकेको अनुभव भएका भ्लोन तामाङ समुदायको भएकाले उनको प्रभाव रहेको आंकलन छ । १२ नम्बर वडा तामाङ समुदायको बाहुल्य क्षेत्र हो । सामाजिक संघसंस्थामा आवद्ध भएर निरन्तर काम गर्दै आएका भ्लोन प्रभावशाली उम्मेदवारका रुपमा हेरिएको छ । मुख्य प्रतिस्पर्धीका रुपमा रहेका तिवारी, नगरकोटी र प्रधानको फेरि पनि ठूलो मतान्तर नहुने अनुमानका बीच भ्लोनको प्रभाव उनीहरुको हार जितको निर्णायक बन्न सक्ने नेताहरु चर्चा गर्छन् ।

रास्वपाका आशावीर र नेकपा एसका बलरामले पनि राम्रै मत बटुल्ने आंकलन गरिएको छ । निक्कै कडा प्रतिस्पर्धा हुने देखिएकाले कुनैपनि उम्मेदवारले सहजै जित्ने भरोसा देखाउन नसकेको घरदैलोमा सक्रिय नेताहरु नै सुनाउँछन् । २ वर्षमा यस वडामा थपिएको १५८८ मतको हिसाब गर्न सबै दलहरुले सकिरहेका छैनन् । कतिपय नेताहरुलाई १५८८ मत कहाँबाट थपिएको भन्नेमा कौतुहल्ता छ । 'यो मत कसरी थपियो, यति धेरै बसाईसराई भएको नहुन पनि सक्छ । त्यसैले थपिएको मतको कुनै भर छैन ।' एक नेताले भने ।

प्रदेश निर्वाचन आयोगको कार्यालय हेटौंडाका अनुसार ०७९ मा भएको निर्वाचनपछि १२ नम्बर वडामा कुल ८ हजार ५३ मतदाता कायम गरेको छ । ३८७८ पुरुष, ४१७४ महिला र अन्य १ जना मतदाता छन् । यसअघि ६४६५ मतदाता थिए । दुई स्थानमा मतदान केन्द्र स्थापना गरिएको छ । प्रतिभा आधारभूत विद्यालय सिग्रेनीमा पाँचवटा बुथ र विष्णुज्योति आधार भूत विद्यालय भोर्लेमा चारवटा बुथ रहने कार्यालय प्रमुख हरिप्रसाद ढकालले जानकारी दिए ।

# भैंसेबाट १६० केजी गाँजासहित युवक पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ मकवानपुरको भीमफेदी गाउँपालिका-२ भैंसे चेकप्वाईन्टबाट १ सय ६० किलो लागूऔषध गाँजासहित मकवानपुर प्रहरीले एक युवकलाई पक्राउ गरेको छ ।

गोरखाका २८ वर्षीय अमिर मियालाई बुधबार बिहान प्रहरीले गाँजासहित पक्राउ गरेको जानकारी दिएको छ । प्रहरीचौकी भैंसेबाट खटिएको प्रहरीले पालुङबाट हेटौंडातर्फ आउँदै गरेको प्र. ३-०१-०२३ च ८०४७ नम्बरको बोलेरो गाडीलाई जाँच गर्ने क्रममा गाडीमा लुकाइछिपाइ ल्याएको यो परिमाणको गाँजा फेला पारी गाडी चालक अमिरलाई पक्राउ गरेको प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता श्यामु अर्यालले बताए ।

गाडीमा खाली तरकारी बोक्ने क्रेटले छोपेर गाँजा राखेर ल्याइएको थियो । प्लास्टिकले प्याक गरेर ३० वटा पोका बनाएर गाँजा ल्याइएको प्रवक्ता अर्यालले जनाए । मकवानपुर प्रहरीका अनुसार चालु आवको साउनदेखि मंसिर ११ गतेसम्म २ हजार ५ सय ६० केजी गाँजा, ३० केजी चरेस र २ सय ३९ ग्राम खैरोहेरोइन बरामद गरेको छ ।

लागूऔषध कारोबार गरेको आरोपमा मकवानपुर प्रहरीले नेपाली र भारतीय नागरिक ६२ जना पक्राउ गरेको प्रहरी नायवउपरीक्षक अर्यालले बताए । यस अवधिमा २ जना महिलासहित ५७ जना नेपाली र एक महिलासहित ५ जना भारतीय नागरिक लागूऔषध कारोबारको आरोप पक्राउ गरिएको उनले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांकअनुसार गत आवमा लागूऔषध ओसारपसार गरेको आरोपमा २१ महिलासहित २ सय ५० जनालाई फ्रहरीले पक्राउ गरेर मुद्दा दायर गरेको थियो । गतवर्ष मकवानपुर प्रहरीले ३ हजार ९ सय ६२ केजी गाँजा बरामद गरेको थियो । १३ केजी अफिम, ७८ ग्राम खैरोहेरोइन र १ सय ५ केजी चरेश बरामद गरेको डिएसपी अर्यालले बताए ।

# युनियनले महासंघमा लगाएको ताला खोल्यो

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ नेपाल पत्रकार महासंघ जिल्ला शाखा मकवानपुरको कार्यालयमा प्रेस युनियन मकवानपुरले लगाएको ताला बुधवार खोलिएको छ ।



सदस्यताको विषयमा विमति जनाउँदै युनियनले गत साउनमा तालाबन्दी गरेको थियो । नेपाल प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास विडारी र बागमती प्रदेश सदस्य गंगा पौडेलको उपस्थितिमा दिउँसो ताला खोलिएको हो ।

युनियन मकवानपुरका अध्यक्ष विडारीले महासंघलाई निर्वाचनको वातावरण तयार पार्न आग्रह गर्दै सदस्यतामा अन्याय गरिएको पत्रकारको पक्षमा युनियन सदैव साथमा रहेको बताए । मंसीर २८ गतेका लागि महासंघको निर्वाचन मिति तोकिएको छ । यसअघि पनि ३ पटक निर्वाचनको मिति तोकेर महासंघको निर्वाचन हुन सकेको थिएन ।

# हेटौंडास्थित प्राधिकरणको केन्द्रीय वर्कशपमा आगलागी

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ नेपाल विद्युत प्राधिकरणको हेटौंडास्थित केन्द्रीय वर्कशपमा भिषण आगलागी भएको छ । बुधबार राति वकर्शपको पुरानो सामान राख्ने गोदाममा आगलागी भएको वडा प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

केन्द्रीय वर्कशपमा प्राधिकरणको ट्रान्समिटर सम्बन्धी कार्य हुने गरेको छ । वडा प्रहरी कार्यालयका प्रहरी निरीक्षक प्रज्वल थपलियाले आगलागीको कारण खुल्न नसकेको बताउँदै बारुणयन्त्रको सहयोगमा आगो निभाउने प्रयास भइरहेको जानकारी दिए ।

केन्द्रीय वर्कशपमा यसअघि दुईपटक भिषण आगलागी भएको थियो । ११ वैशाख २०७१ मा लागेको आगलागी दमकलको प्रयोगबाट पनि नियन्त्रणमा लिन नसक्दा डोजरले भवनको पर्खाल भत्काएर नियन्त्रणमा लिइएको थियो । १२ माघ २०७९ मा आगलागी हुँदा तारलगायतका विद्युतीय सामग्री जलेर नष्ट भएका थिए ।

# इन्द्रसरोवरको टेकरमा विद्युतीय चार्जिङ स्टेशन

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ इन्द्रसरोवर गाउँपालिका वडा नम्बर-३ टेकरमा विद्युतीय सवारी साधनलाई लक्षित गरेर चार्जिङ स्टेशन स्थापना गरिएको छ ।

इन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी र नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रप्रमुख माधव न्यौपानेले १२ मंसिरमा चार्जिङ स्टेशनको संयुक्त रुपमा उद्घाटन गरे ।

यो चार्जिङ स्टेशन जिल्लाको उत्तरी क्षेत्रकै पहिलो र एक मात्र 'फास्ट चार्जिङ स्टेशन' हो । यहाँ आधा घण्टामै सवारीसाधन फुल चार्ज गर्न सकिन्छ । इन्द्रसरोवर टेकरमा स्थापना गरिएको चार्जिङ स्टेशनमा हाललाई एकपटकमा २ वटा सवारी चार्ज गर्न सकने व्यवस्था गरिएको छ ।

नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रबाट ३ सय के.भि.ए. ट्रान्सफर्मर जडान र लाईन निर्माण गरेसँगै चार्ज ल्याब प्रालिले गाँउले होटल टेकरमा चार्जिङ स्टेशन जडान गरिएको नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रका प्रमुख न्यौपानेले जानकारी दिए ।

प्रमुख न्यौपानेले चार्जिङ स्टेशन विद्युत प्राधिकरणको प्राथमिकता रहेको बताउँदै विद्युत खपत गराउने र इन्धनमा बाहिरिएको ठुलो धनराशी स्वदेशमै रहने प्रतिक्रिया दिए ।

चार्जिङ स्टेशन शुभारम्भ कार्यक्रममा इन्द्रसरोवर गाउँपालिका-२ का वडाध्यक्ष सुमन श्रेष्ठ, ३ नम्बर वडाध्यक्ष प्रताप भोम्जनलगायतको उपस्थिति थियो ।

# हुप्रचौरमा टि-१० क्रिकेट सुरु, एकैदिन ४ खेल



साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ हेटौंडा-४ हुप्राचौरमा नेपाल मुस्लिम इत्तेहाद संगठन मकवानपुर जिल्ला कमिटीको आयोजनामा बुधबारबाट टि-१० क्रिकेट प्रतियोगिता सुरु भएको छ ।

प्रतियोगिताअन्तर्गत् बुधबार ४ वटा खेल भएका छन् । पहिलो खेलमा टिम बेलफोर्जलाई ८२ रनले हराउँदै नेपाल स्टारर्सले बिजयी सुरुवात गरेको छ । १ सय २७ रनको लक्ष्य पछ्याएको बेलफोर्जले निर्धारित १० ओभरमा ९ विकेट गुमाउँदै ४४ रन मात्र बनाउन सक्यो । यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपाल स्टारर्सले निर्धारित १० ओभरमा ५ विकेटको क्षतिमा १ सय २६ रन बनाएको थियो । खेलमा म्यान अफ दि म्याच नेपाल स्टारर्सका विवेक शहनी घोषित भए । उनले ८ छक्का र १ चौकाको मद्दतमा १९ बलको सामना गर्दै ५५ रन बनाएका थिए ।

दोश्रो खेलमा जिएस निकेतन ८ विकेटले बिजयी भएको छ । रोयल टाइर्गसले दिएको ६८ रनको बिजयी लक्ष्य जिएस निकेतनले ८ दशमलब ५ ओभर खेल्दै २ विकेटको क्षतिमा भेटायो । टस जितेर पहिले ब्याटिङ गरेको रोयलले निर्धारित १० ओभरमा ३ विकेट गुमाउँदै ६७ रन बनाएको थियो । खेलको म्यान अफ दि म्याच जिएसका श्रीजन अधिकारी घोषित भए ।

तेश्रो खेलमा पठान ११, ९ विकेटले बिजयी भएको छ । मकवानपुरगढीले दिएको ३५ रनको सामान्य लक्ष्य पठान ११ ले २ दशमलब ३ ओभर खेल्दै १ विकेटको क्षतिमा भेटायो । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको गढीले निर्धारित १० ओभरमा सबै विकेट गुमाउँदै ३४ रन बनाएको थियो । खेलको म्यान अफ दि म्याच पठान ११ का राहुल यादव घोषित भए ।

चौथो तथा अन्तिम खेलमा पठान स्टाइकर्स ४३ रनले बिजयी भएको छ । पठान स्टाइकर्सले दिएको १ सय ९ रनको लक्ष्य पछ्याएको आधुनिक राष्ट्रिय माविले निर्धारित १० ओभर खेल्दै ५ विकेटको क्षतिमा ६५ रन मात्र बनाउन सक्यो । टस जितेर पहिले ब्याटिङ गरेको पठान स्टाइकर्सले निर्धारित १० ओभरमा ६ विकेट गुमाउँदै १ सय ८ रन बनाएको थियो । खेलको म्यान अफ दि म्याच पठान स्टाइकर्सका विके शहनी घोषित भए ।

मंसिर १५ गतेसम्म हुने प्रतियोगितामा बागमती प्रदेशका ७ र मधेश प्रदेशका ९ गरी १६ टिमको सहभागिता छ । प्रतियोगिताको विजेताले एक लाख नगद र उप विजेताले नगद ५० हजारसहित शिल्ड, पदक र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बिपन्नको उपचारमा उपमहानगर

नेपालको संविधानले नै नागरिरको स्वास्थ्यउपचारसम्बन्धी हकको ग्यारेन्टी गरेको छ । पछिल्लो समय शिक्षा र स्वास्थ्यमा भइरहेको तीब्र ब्यापारिकरणका कारण नागरिकले शिक्षा र स्वास्थ्य उपचार सहज रुपमा पाउन सकेका छैनन् । संविधानको मौलिक हकअन्तरगत धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरिएको र यसै धाराको उपधारा (१) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्यसेवा नि:शुल्क प्राप्त गर्ने हक हुने उल्लेख गरिएको छ । त्यसैगरी उपधारा (२) मा प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्यउपचारको सम्बन्धमा जानकारी पाउने हक हुने उल्लेख गरिएको छ । उपधारा (३) मा प्रत्येक नागरिकलाई स्वास्थ्यसेवामा समान पहुँचको हक हुने र (४) मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने व्यवस्था गरिएको छ । स्थानीय सरकारले नागरिकको रक्षाका लागि कुनैपनि भेदभाव नराखी काम गर्ने प्रयास गरिरहेको हेटौंडा उपमहानगरले जनाएको छ । कुनैपनि नागरिकको स्वास्थ्यउपचारमा सरकार संबेदनशील हुनैपर्छ । आर्थिक अभावले स्वास्थ्यउपचारबाट बञ्चित बनेका बिपन्न समुदायका व्यक्तिलाई हेटौंडा उपमहानगरपालिकाले साथ दिएको छ । दैनिक जीवनयापनका लागि पनि समस्यामा रहेको हेटौंडा-१८ थामीटोलका ४५ वर्षीय पशुपति थामीको उपचारमा उपमहानगरले साथ दिएको हो ।

केही समय अघिबाटै स्वास्थ्यसमस्या व्यहोरिरहेका थामीको पहिलोचरणको उपचार हेटौंडा अस्पतालमा भइरहेपनि स्वास्थ्यअवस्थामा सुधार नभएपछि अस्पतालले घरजान भनेको थियो । तीनदिन अघिबाट उपमहानगरका नगरप्रमुख मीनाकुमारी लामासँगको समन्वयमा हेटौंडा अस्पतालमा उपचार भएपनि चिकित्सकले घरजान भनेपछि अस्पतालबाट बाहिरीएका थामीलाई मंगलबार सिएमसी चुरेहिल अस्पताल पुऱ्याइएको छ । अस्पतालबाट घर गएका थामीलाई भेट्न मंगलबार नगरप्रमुख लामा र हेटौंडा-१८ का वडाअध्यक्ष अनिल बानियाँ सबेरै उनको घरमै पुगेका थिए । घरमा नगरप्रमुख लामा र वडाअध्यक्ष बानियाँलाई देखेपछि थामी सुतिरहेको ओछ्यानबाट उठेर मुस्कुराउँदै बसेका थिए । स्वास्थ्यमा समस्या भएका कारण बोली नआएपनि हातको इसारबाट उनले केही जानकारी नगरप्रमुख लामा र वडाअध्यक्ष बानियाँलाई गराएसँगै थप उपचारको लागि चुरेहील लगिएको हो । हेटौंडा अस्पतालको रिपोर्टअनुसार स्वास्थ्यमा अन्य समस्या नभएपनि 'प्ल्याटिलेट' को मात्रा घटेको देखिए बताइएको छ । उपचारको क्रममा पोषणयुक्त खानेकुराको अभावका कारण स्वास्थ्यमा सुधार हुन नसकेको आंकलनका साथ उनलाई स्थानीय हर्नामाडी स्वास्थ्यचौंकीमार्फत् सञ्चालनमा रहेको एम्बुलेन्समा थप उपचारका लागि चुरेहिल पुऱ्याइएको थियो । आर्थिक अभावका कारण स्वास्थ्यउपचारमा समस्या हुने, शिक्षाबाट बिमुख हुनपर्ने, दैनिक जीनवयापनमा समस्या व्यहोर्न पर्ने अवस्थालाई निराकरणका लागि उपमहानगर तयार रहेको लामाले बताइन् । हेटौंडा-१८ मा रहेका थामीटोलका बासिन्दा दैनिक जीवनयापनका लागि मजदुरी गर्दै आएका छन् । त्यहाँ १७ घर परिवार थामी समुदायको बासोबास रहेको वडाअध्यक्ष बानियाँले बताएका छन् । आकस्मिक स्वास्थ्यसेवाबाट कसैलाई बञ्चित नगरिने आधारभूत मौलिक अधिकारकारुपमा स्वास्थ्यसेवालाई सुनिश्चितता गरिएकोले हेटौंडा उपमहानगरले सहयोग गरेको बताइएको छ ।

केहीदिन अघि हेटौंडा उपमहानगरपालिका-१५, भोर्लेका मनिष थिङ र एञ्जिला स्याङ्तानको १८ महिने छोराको मलद्वारको उपचारमा उपमहानगरले सहयोग गरेको थियो । नाबालक छोरा आरोनको उपचार खर्च जुटाउन भौतारिँदै मनिष र एञ्जिलाले गाउँघर छिमेकमा सहयोगको याचना गरेको लामो समय बितिसक्दा पनि पर्याप्त रकमको जोहो गर्न नसकेकाले अस्पताल जानबाट रोकिएका थिए । खर्चको अभावका कारण परिवारले नाबालकको उपचार गर्न नसकेकोले उपचारको जिम्मा नै उपमहानगरले लिएको हेटौंडाकी नगरप्रमुख लामाले बताइन् । बाबु मनिष विगतमा बसको सहचालकको भूमिका निर्वाह गरेर छाक टार्दै आएका थिए । सहचालकको जागिर छोडेर उनी छोराको उपचारखर्च जुटाउन भौतिररहेका थिए । उपमहानगरले मलद्वार नै नभएका नाबालकको उपचारमा आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको थियो । १८ महिनाका आरोनको सबै उपचार खर्च व्यहोर्ने निर्णय हेटौंडा उपमहानगरको कार्यपालिकाबाट भएको नगरप्रवक्ता सबिन न्यौपानेले बताए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर १४ गते शुक्रबार २९ नोभेम्बर २०२४ । त्रयोदशी, मार्ग कृष्णपक्ष । कछलागा ११४५ ने.सं. । सूर्योदय ६:३७, सूर्यास्त ५:०६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : दाम्पत्य जीवन सुखद बन्नेछ | **तुला** | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ |
| **वृष** | : आम्दानी राम्रो हुनेछ | **वृश्चिक** | : यात्रामा खर्च बढ्नेछ |
| **मिथुन** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | **धनु** | : मौकाको फाइदा लिन सकिनेछ |
| **कर्कट** | : प्रेमको बन्धन कसिन सक्नेछ | **मकर** | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ |
| **सिंह** | : चुनौतीहरु देखा पर्न सक्नेछ | **कुम्भ** | : मुद्दा-मामिलामा विजयी भइनेछ |
| **कन्या** | : व्यवसायमा सामान्य फाइदा हुनेछ | **मीन** | : लगनशीलताले उपलब्धि दिलाउनेछ |

# धितोपत्र बोर्डका नयाँ अध्यक्षले गर्न सक्लान् यी काम ?



✍ रविन्द्र भट्टराई

नेपालको सेयर बजार नियामक निकाय नेपाल धितोपत्र बोर्डले बल्ल अध्यक्ष पाएको छ । यो पद सरकारले नियुक्त गर्ने कार्यकारी अध्यक्षको पद हो । यसको अर्थ उनी बोर्डको तलबी कर्मचारी पनि हुन् । सेयर बजार सँग सरोकार राख्नेले बोर्डको नेतृत्वमा आउनेलाई बजारको विकाससँग जोडेर नजिकबाट हेरिरहेको पाइन्छ ।

प्रविधिको तीव्र विकाससँगै लगानीकर्तामा परिवर्तनप्रतिको तीव्र आकांक्षा छ । यो अवस्थामा एक वर्ष, दुई वर्षपछि वा पाँच वर्षपछि के गर्नेभन्दा पनि भर्खरै, आज, दिनदिनै, एक साता, एक महिना, तीन महिनामा के गर्ने भनी छोटो अवधिका योजना लिएर सेयरको आक्रामक कारोबारी झैं यो संस्थामा आउने नेतृत्वले काम गर्नुपर्ने देखिन्छ । के बोर्डका यी नयाँ अध्यक्ष (सन्तोषनारायण श्रेष्ठ) ले तल सूचीकृत काम गर्न सक्लान्? यी कामले सेयर बजारलाई विकासको नयाँ गोरेटोमा दौडाउने छ ।

**प्राथमिक बजार**

१. प्राथमिक निष्कासन (आईपीओ) जारी गर्ने कम्पनीले सामूहिक लगानी कोष (म्युचुअल फन्ड) लाई अनिवार्य छुट्याउनुपर्ने सेयर व्यवस्था खारेज गर्ने र खुलामुखी म्युचुअल फन्ड निष्कासन र प्रवर्द्धनमा जोड दिने ।
२. सेयरको १० कित्ता बाँडफाँट नीतिलाई धितोपत्र ऐनमा नै व्यवस्था गरी सहजै परिवर्तन गर्न नसकिने बनाउने तथा सम्भव भए १० कित्ताभन्दा कम कित्ता बाँडफाँट गर्ने व्यवस्था गर्न गृहकार्य गर्ने । यस्तै बुक बिल्डिङ अन्तर्गतको न्यूनतम ५० कित्ता बाँडफाँट गर्ने व्यवस्थालाई न्यूनतम १० कित्ता बनाइ बाँडफाँट नीतिमा एकरूपता कायम गर्ने । अन्तमा बुक बिल्डिङको वर्तमान अपारदर्शी, मिलेमतोमा मूल्य सिर्जना गर्ने कानुनी व्यवस्था तत्काल खारेज गर्ने । आईपीओमा प्रिमियम गणनालाई बढी व्यावहारिक बनाउने ।
३. आईपीओमा भइरहेको अधिक माग सम्बोधन गर्न कम्पनीलाई पूँजी आवश्यकता भए अधिक बाँडफाँट (ओभर एलोटमेन्ट) को व्यवस्था गर्ने । कम्पनीले चाहे जारी गरेभन्दा बढी सेयर बाँडफाँट गर्न सक्ने व्यवस्था गर्ने । जुन व्यवस्था म्युचुअल फन्डमा छ ।
४. यस्तै सेयरको न्यूनतम अंकित मूल्य एक रुपैयाँ नै हुन सक्ने व्यवस्था गर्ने । यसले सेयर संख्या बढाइ बजारमा कम सेयर संख्याका कारण हुने कर्नरिङ जस्ता समस्या समाधान हुन सक्ने छ ।
५. सेयर बजारमा नयाँ कम्पनी ल्याई बजार थप विविधीकरणयुक्त बनाउन धितोपत्र बोर्डले सम्भावित कम्पनीसँग छलफल गर्ने तथा नयाँ कम्पनी बजारमा ल्याउन मार्केटिङ गर्ने ।
६. म्युचुअल फन्डलाई हरेक महिना लाभांश बाँड्न सक्ने लचकता प्रदान गर्ने कानुनी व्यवस्था गर्ने । यस्तै जलविद्युत् लगायत कम्पनीमा पनि मासिक लाभांश बाँड्न सक्ने व्यवस्था लागु गर्न जोड गर्ने ।
७. कम्पनीले वर्षमा एकपटक बाँड्दै आएको लाभांश नेपाल राष्ट्र बैकजस्ता नियामकीय निकायसँग समन्वय गरी त्रैमासिक रूपमा बाँड्न सक्ने कानुनी लचकता व्यवस्था गर्ने ।
८. बिक्री नभएको हकप्रद सेयरका लागि नेप्सेको प्रणाली प्रयोग गरी देश-विदेश जहाँबाट पनि सहभागी हुने व्यवस्था गर्ने ।
९. उद्योग प्रभावित क्षेत्रका स्थानीयबासिन्दाका लागि छुट्याइने सेयर जिल्लाका सीमितभन्दा पनि प्रभावितलाई अनिवार्य छुट्याउने व्यवस्था गर्ने ।

**दोस्रो बजार**

१. दोस्रो बजारमा कम्पनीका सञ्चालक, संस्थापक तथा आधारभूत सेयरधनीको सेयर कारोबारलाई बढिभन्दा बढी पारदर्शी बनाइ बजारमा पार दर्शिता कायम गर्ने ।
२. सेयर ब्रोकरकहाँ कारोबार खाता खोल्दा जस्तो, कुनै कम्पनीमा संस्थापक रहे, सञ्चालक रहे, आधारभूत सेयरधनी भए त्यस्ता विवरण अनिवार्य खुलाउनुपर्ने र कारोबार गर्दा आफ्नो कारोबार खातामा अध्यावधिक गर्नुपर्ने व्यवस्था गर्ने । यी पदमा हुनेले गरेको कारोबार अनिवार्य नेपाल स्टक एक्स्चेन्ज (नेप्से) को प्रणालीमा अध्यावधिक गर्ने व्यवस्था गरी सर्वसाधारण जो कोहीले हेर्न सक्ने बनाउने । यसले कम्पनीभित्रका महत्त्वपूर्ण पदमा भएका वा बढी लगानी भएका सेयर धनीको कारोबार पारदर्शी बनाउँछ ।
३. इन्ट्रा डे कारोबार छिटोभन्दा छिटो कार्यान्वयनमा ल्याउने र आज बेचेको सेयरको पैसाले तत्कालै पुन: सोही कम्पनीको वा चाहेको अन्य जुनसुकै कम्पनीको सेयर किन्न सक्ने बनाउने, तर आज बेचेको सेयरको पैसा भने हिसाबकिताब राफसाफ भएपछि मात्र खाताबाट झिक्न पाउने व्यवस्था गर्ने ।
४. लगानीकर्ता आफैं वा ब्रोकर जोसुकै माध्यमबाट कारोबार भए पनि दोस्रो बजारमा कारोबार भइसकेपछि तत्काल त्यसको जानकारी एसएमएस, इमेल वा दुवैमार्फत लगानीकर्तालाई जानकारी दिने अनिवार्य व्यवस्था गर्न लगाउने । जसले कारोबारमा हुन सक्ने फ्रड नियन्त्रण गर्न सहयोग पुग्ने छ ।
५. सेयर बजारमा सानोभन्दा सानो पूँजीलाई आकर्षित गर्न तथा थोरै पूँजी वा पैसा हुनेले पनि चाहेका कम्पनीको सेयर किनेर पोर्टफोलियो बनाउन एक कित्ताभन्दा पनि कम (फ्र्याक्सनमा) सेयर किन्न पाउने व्यवस्था गर्ने । जसरी फ्र्याक्सनमा बोनस सेयर पाइन्छ ।
६. कम्पनीले बाँडेको नगद लाभांशबाट पुन: सोही कम्पनीको सेयर खरिद गर्न लगानीकर्तालाई प्रोत्साहन गर्ने लाभांश पुन: लगानी (डिभिडेन्ड रिइन्भेस्टमेन्ट प्लान) सुरुवात गर्न कानुनी व्यवस्था गर्ने । यसले लगानीकर्तालाई लामो समय सेयर होल्ड गर्न प्रोत्साहन गर्ने छ ।
७. कर्मचारी आफूले पाएको तलबको निश्चित प्रतिशत रकमबाट हरेक महिना सोही कम्पनीको सेयर कम्पनी मार्फत किन्न पाउने गरी कर्मचारी सेयर खरिद योजना (इम्प्लोइ सेयर पर्चेज प्लान) सम्बन्धी नियम बनाउने ।
८. संस्थापक र सर्वसाधारण सेयरको मूल्यमा गरिएको अन्यायपूर्ण व्यवहार अन्त्य गर्ने र मूल्यमा एकरूपता कायम गर्ने । यसले एउटै कम्पनीको सेयरको दुई फरक मूल्यको अवस्था अन्त्य गर्ने छ ।
९. सानो पूँजीलाई बजारमा आकर्षित गर्न एक कित्ता कारोबार वा फ्र्याक्सनमा हुने सेयर कारोबारमा लाग्ने नामसारी शुल्क हटाउने तथा ब्रोकर कमिसन घटाउने ।
१०. दोस्रो बजारमा दिइने कारोबार विवरणमा नेप्सेले संस्थापक र सर्वसाधारण सेयर कारोबारको विवरण उसको वेबसाइट मार्फत अनिवार्य दिनुपर्ने व्यवस्था गराउने । यस्तै नगद कारोबार, मार्जिन कारोबार र कुल कारोबारको अलग-अलग विवरण वेबपेजमा राख्नुपर्ने ।

**सेयर ब्रोकर**

१. प्राथमिक बजारमा मेचीदेखि महाकालीसम्म तथा विश्वभरि रहेका नेपाली (लगानीकर्ता) ले मेरो सेयरमार्फत आवेदन दिन पाउने भए पनि अझै पनि दोस्रो बजारमा उनीहरूको पहुँच पुग्न सकेको छैन । यी सबैको दोस्रो बजारमा पहुँच विस्तार गर्न बैंकका ब्रोकर कम्पनीलाई सोही बैकको शाखा मार्फत सेयर कारोबारमा सहजीकरण गर्न पाउने व्यवस्था गर्ने । क्षेत्रीय वा प्रादेशिक ब्रोकरको अवधारणा अन्त्य गर्ने ।
२. कम्पनी ऐनमा धितोपत्र व्यवसाय गर्ने सम्पूर्ण कम्पनी पब्लिक कम्पनी हुनुपर्ने अनिवार्य व्यवस्था भए पनि हालका ब्रोकर कम्पनीमध्ये केही मात्र पब्लिक कम्पनी छन् । कम्पनी ऐनको व्यवस्था अनुसार तत्काल सम्पूर्ण ब्रोकर कम्पनीलाई पब्लिक कम्पनी बनाउन निर्देश गर्ने । नबनाए अनुमतिपत्र निलम्बन गर्ने ।
३. सूचना सम्प्रेषणमा सेयर ब्रोकरलाई थप जिम्मेवार बनाउन उनीहरूका वेबपेज बढिभन्दा बढी सूचनामूलक बनाउन निर्देश गर्ने ।
४. सेयर कारोबारमा ब्रोकरले दिने कारोबार लिमिट थप व्यवस्थित गर्दै नगद वा मार्जिन कारोबार छुट्याई ब्रोकरले दिने लिमिटको व्यवस्था खारेज गरी कारोबार खातामा नगद ल्याएपछि र ल्याएजति मात्र सेयर किन्न पाउने व्यवस्था गर्ने । लगानीकर्तासँग पैसा नहुने तर ब्रोकरले अनियमित तरिकाले दिने लिमिटका कारण कम्पनीको सेयरमा नक्कली माग देखाइ मूल्यमा अप्राकृतिक प्रभाव पार्ने काम अन्त्य गर्ने । कोल्याटरल लोडमा ब्रोकरको अनियमितताको छानबिन गर्ने । यो प्रकारको कारोबारको अन्त्य गरी मार्जिन कारोबार कार्यान्वयनमा ल्याउने ।
५. खातामा सेयर भएमात्र बिक्री आदेश राख्न सकिने र खातामा पैसा भएजति मात्र खरिद आदेश राख्न पाउने व्यवस्था गर्ने । यसले सेयर बजारमा पारदर्शी मूल्य निर्माणमा सहयोग पुग्ने छ ।
६. सेयर मार्जिन कारोबार छिटोभन्दा छिटो ब्रोकर मार्फत सुरुवात गराउने, जसका माध्यमबाट सानोभन्दा सानो रकम, मानौं १० हजार सम्म पनि ऋण लिएर सेयर कारोबार गर्न चाहनेको पहुँचमा पुग्न सक्ने बनाउने र लगानीकर्ताले ब्रोकरको खाताबाट नै मार्जिन ऋणका लागि ब्रोकरलाई अनुरोध गर्न सक्ने प्रणाली विकास गर्ने । यसका लागि ब्रोकर कहाँ धाउनुपर्ने अवस्था नरहने गरी व्यवस्था गर्ने । यसको सुरुवात बैकका ब्रोकर कम्पनी मार्फत तत्काल सुरु गराउने ।

**सीडीएस**

१. सीडीएस कम्पनीले उसको वेबपेजमा एउटा मात्र खाता भएको, दुइटा खाता भएको लगानीकर्ताको संख्या र जम्मा खाताको संख्या राख्नुपर्ने अनिवार्य व्यवस्था गर्ने । यस्तै व्यक्तिगत लगानीकर्ता र संस्थागत (कम्पनी) लगानीकर्ताको संख्या अलग-अलग राख्नुपर्ने व्यवस्था गर्ने । यसले बजारमा लगानीकर्ताको संख्यामाथि रहेको भ्रम हटाउन मद्दत गर्ने छ ।
२. सेयर धितो लिई ऋण लिनेलाई थप सहज बनाउन बैंकले नै मेरो सेयरमार्फत ऋण माग गर्नेको सेयर धितो रोक्काको अनुरोध निक्षेप सदस्य (डीपी) लाई पठाउने र डीपीले रोक्का राख्ने र त्यसको जानकारी तत्काल बैंकले पाउने व्यवस्था गर्ने । यसले ऋण लिनेहरू बैंक र निक्षेप सदस्यकहाँ दौडनुपर्ने समस्या अन्त्य गर्ने छ ।
३. एक डिम्याट खाताबाट अर्को डिम्याट खातामा सेयर सार्न (बीओ टु बीओ) लाई थप सहज बनाउने । लगानीकर्ताले मेरो सेयर लगइन गरेर त्यहींबाट यो प्रक्रियाका लागि अनुरोध गर्ने र डीपी र सीडीएस कम्पनीले प्राथमिकता अनुसार स्वीकृत गर्ने व्यवस्था मिलाउने । जस्तो, जन्म मिति, नागरिकता नम्बर, नाम, थरजस्ता विवरण मिलेको खण्डमा प्रक्रिया अगाडि बढ्ने व्यवस्था गर्ने । यसले लगानीकर्ता डीपी र सीडीएस कम्पनीमा दौडनुपर्ने झन्झटबाट मुक्त हुनेछन् ।
४. प्यान नलिएका लगानीकर्तालाई डिम्याट खाता खोल्दा सोही स्थानबाट प्यान पनि लिन सक्ने वा लिइदिनुपर्ने प्रणालीको विकास गर्ने ।
५. बैंकबाहेक अन्य संस्था जस्तो, ब्रोकरकहाँबाट डिम्याट खाता खोल्दा सोही डीपीले आफ्नो प्रणालीबाट बैंकलाई सीआरएनको अनुरोध गरिदिने र सीआरएन लिइदिने व्यवस्था गर्ने । यसले डिम्याट खाता खोलेर सीआरएन लिन बैकतर्फ दौडनुपर्ने झन्झटबाट मुक्ति मिल्ने छ ।
६. डिम्याट खातावालाका विवरण परिवर्तन हुने र नहुनेमा विभाजन गरी मेरो सेयर मार्फत बढिभन्दा बढी सूचना जस्तो, ठेगाना, इमेल, फोन आदि खातावाला आफैंले अध्यावधिक गर्न सक्ने बनाउन निर्देश गर्ने ।
७. बिक्री नभएको हकप्रद सेयर सम्पूर्ण लगानीकर्ताको पहुँचसम्म पुऱ्याउन मेरो सेयर मार्फत अनलाइन बिडिङको व्यवस्था गर्ने ।
८. कम्पनीले दिएको नगद लाभांश बैंकमा जम्मा भए पनि मेरो सेयरमा पनि त्यसको रेकर्ड हुने व्यवस्था गर्ने । यो विवरणका आधारमा वर्षभरिमा सेयरबाट कति लाभांश प्राप्त भयो भन्ने गणना गर्न सजिलो होस् र ऋण लिनेलाई वा अन्य कुनै प्रयोजनका लागि उक्त विवरण प्रिन्ट गरी आम्दानीको स्रोतको डकुमेन्टका रूपमा प्रयोग गर्न सकियोस् ।
९. कम्पनी सञ्चालकको चुनावमा लगानीकर्ताले मेरो सेयरमार्फत भोट दिन पाउने व्यवस्था गर्न सीडीएसलाई निर्देश गर्ने र कानुनी सहजताका लागि पहल गर्ने । सञ्चालक शिक्षाको अनिवार्य व्यवस्था गर्ने ।
१०. डिम्याट खातामा वर्षभरिको सेयर कारोबारको नाफा-नोक्सानको समेत विवरण रहने व्यवस्था गरी कर गणनामा घाटालाई समेत समायोजन गर्न सक्ने व्यवस्थाका लागि सीडीएस, अर्थ मन्त्रालय र कर कार्यालयबीच समन्वय गर्ने ।
११. डिम्याट खातामा हुने हरेक गतिविधि जस्तो, आईपीओ, बोनस, हकप्रद, किनेको सेयर जम्मा हुँदा जानकारी तत्काल इमेल वा एसएमएसमार्फत खातावालालाई दिनुपर्ने अनिवार्य व्यवस्था गर्ने । जुन यसअघि सुरु गरेर निरन्तरता नदिई सीडीएस कम्पनीले लगानीकर्तालाई झुक्याएको थियो ।
१२. विदेशमा बसेका नेपालीलाई विदेशबाटै डिम्याट, बैंक खाता, कारोबार खाता खोल्न र कनेक्ट आईपीएसको सेवासम्म प्राप्त गर्ने व्यवस्था गर्न राष्ट्र बैंकसँग समन्वय गर्ने । यसरी खोलेको खातामा खातावालाले पैसा जम्मा गर्न र कनेक्ट आईपीएसमार्फत ब्रोकरलाई मात्र भुक्तानी गर्न सक्ने बनाउने र सोही व्यक्ति नेपाल आई सम्बन्धित बैंकमा उपस्थित भएर खाताको बन्देज हटाउन अनुरोध गर्न सक्ने व्यवस्था गर्न पहल गर्ने । यसले विदेशमा बस्ने नेपालीबीच सेयर बजारमा लगानी गर्न पहुँच विस्तार हुने, रेमिट्यान्स आउने र सेयर कारोबार बढ्ने हुन्छ ।
१३. सेयर किनबेच गर्दा लगानीकर्ताले तिर्दै आएको चर्को डीपी शुल्कलाई ५ रुपैयाँसम्म झार्ने गरी कानुनी परिवर्तन गर्ने गराउने ।

**सूचना प्रणाली**

१. कम्पनीहरूले प्रकाशित गर्ने सेयर बजारसँग सम्बन्धित सूचना एउटै प्रणाली मार्फत प्रेषित तथा प्रसारण गर्न एकीकृत सूचना प्रणाली सुरुवात गर्ने । उदाहरणका लागि बोर्डले आफ्नै प्रणाली (वेबसाइट) को विकास गर्ने छ, जसमा सेयर जारी गरेका तथा गर्न निवेदन दिएका सबै कम्पनीले जारी गर्ने सूचना जस्तो, वित्तीय विवरण, लाभांश घोषणा आदि अपलोड गर्नेछन् र सूचनामा विश्वसनीयता कायम हुन गई लगानीकर्ताले चाहेका बखत चाहेको सूचना प्राप्त गर्न सक्नेछन् । यसबाट लगानीकर्ताले एकै स्थानबाट आधिकारिक सूचना पाउनेछन् ।
२. सेयर बजारमा हुन सक्ने भित्री कारोबार कम गर्न हरेक सूचीकृत कम्पनीले गर्ने महत्त्वपूर्ण निर्णय उदाहरणका लागि लाभांश घोषणा शुक्रबार मात्र गर्ने अनिवार्य व्यवस्था गर्ने । यस्तै राष्ट्र बैंकको मौद्रिक नीति पनि शुक्रबार मात्र जारी गर्ने अनिवार्य व्यवस्था गर्न राष्ट्र बैंकसँग समन्वय र पहल गर्ने ।
३. सेयर बजार प्रभावित गर्ने कुनै निर्णय गर्ने महत्त्वपूर्ण बैठक भए त्यस्तो बैठकको जानकारी कम्पनीले अनिवार्य नेप्सेलाई दिनुपर्ने र बैठक सुरु हुनुअघि र निर्णय सार्वजनिक भएपछिको एक घण्टासम्म सम्बन्धित कम्पनीको कारोबार रोक्ने व्यवस्था गर्ने । यसले सूचना दुरुपयोग कम हुन जान्छ भने सूचना आइसकेपछि कारोबार खुल्नुअघि धरैलाई थाहा हुन जान्छ ।
४. कम्पनीले हकप्रद सेयर जारी गरे मेरो सेयरमा इमेल ठेगाना भएका तथा फोन नम्बर उल्लेख भएका लगानीकर्तालाई उनीहरूसँग सेयर भएको कम्पनीको हकप्रद सेयर खुलेको जानकारी सेयरधनीलाई अनिवार्य पठाउने व्यवस्था गर्ने । यसले हकप्रद सेयरमा भइरहेको कम आवेदनलाई सुधार गर्न मद्दत गर्ने छ ।
५. लगानीकर्ताले डिम्याट खाता खोल्दा, ब्रोकर कहाँ कारोबार खाता खोल्दा तथा लगानी व्यवस्थापककहाँ लगानी सम्बन्धी खाता खोल्दा त्यसको सञ्चालन प्रक्रिया, शुल्क, कमिसन, नवीकरण सुरक्षा, पासवर्ड रिसेट, कारोबारमा लाग्ने कर, हिसाबकिताब राफसाफ आदि विवरण समेटेर बनाएको संक्षिप्त जानकारी विवरण खाता खोल्नासाथ सेवाग्राहीलाई कागजै वा इमेलमा पठाउने बाध्यात्मक व्यवस्था गर्ने । यसले लगानीकर्ता शिक्षामा सहयोग पुग्ने छ ।
६. लगानीकर्ताको व्यक्तिगत विवरणको सुरक्षा र गोपनीयता सम्मान गर्दै कानुनी व्यवस्था गर्ने ।
७. कम्पनीले सेयर बजार सम्बन्धी दिने सूचना सम्प्रेषण गर्ने तरिकामा एकरूपता कायम गर्न मापदण्ड तयार गरी तत्काल लागु गर्ने-गराउने ।
८. लगानीकर्तालाई चाहिने केही सूचना जस्तो, सञ्चालक, व्यवस्थापन टिम, संस्थापक सर्वसाधारण सेयर अनुपात, वित्तीय विवरण तथा लाभांश सम्बन्धी संक्षिप्त विवरणको मापदण्ड बनाई उक्त विवरण हरेक कम्पनीले उसको वेबसाइटमा राख्नैपर्ने व्यवस्था गर्ने । यो संक्षिप्त विवरणले लगानीकर्तालाई धेरै हदसम्म सुसूचित हुने अवसर प्रदान गर्छ ।
९. हरेक कम्पनीले सञ्चालक र व्यवस्थापन प्रमुखको योग्यता र अनुभव सहितको प्रोफाइल उसको वेबसाइटमा राख्नैपर्ने व्यवस्था गर्ने ।

**शिक्षा**

१. धितोपत्र व्यवसाय गर्ने संस्था जस्तो, ब्रोकर, मर्चेन्ट बैंक, लगानी व्यवस्थापक तथा नियामक धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज, सीडीएस एन्ड क्लियरिङ लिमिटेडका हरेक कर्मचारीले नेपाल धितोपत्र बोर्डले तोकेको प्रणालीमा गएर स्वयं र सम्बन्धित कम्पनी तथा निकायले तोकेको विवरण भरी अनिवार्य दर्ता गर्ने व्यवस्था गर्ने ।
२. धितोपत्र व्यवसाय गर्ने संस्थाका कर्मचारी तथा नियामक धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज, सीडीएस एन्ड क्लियरिङ लिमिटेडका सम्पूर्ण तहका कर्मचारीले धितोपत्र बजार, बैंकिङ, अर्थतन्त्र सम्बन्धी न्यूनतम ज्ञान अनिवार्य लिएको हुनुपर्ने व्यवस्था गर्ने । यस्तो ज्ञानको परीक्षा धितोपत्र बोर्डले तोके बमोजिम तोकिएको प्रणालीबाट दिनुपर्ने र त्यसको प्रमाणपत्र बोर्डको प्रणालीमा अध्यावधिक गर्नुपर्ने ।
३. धितोपत्र व्यवसाय गर्ने संस्थाका कर्मचारी तथा नियामक धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज, सीडीएस एन्ड क्लियरिङ लिमिटेडका सम्पूर्ण तहका कर्मचारीले धितोपत्र बजार, बैंकिङ, अर्थतन्त्र सम्बन्धी न्यूनतम ज्ञानमा अध्यावधिक हुन हरेक वर्ष बोर्डले तोके बमोजिमको अध्यावधिक परीक्षा अनलाइन मार्फत दिनुपर्ने व्यवस्था गर्ने ।
४. लगानीकर्ता शिक्षालाई बढिभन्दा बढी प्रभावकारी बनाउन धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज, ब्रोकर, सीडीएस कम्पनी, लगानी व्यवस्थापक, म्युचुअल फन्डलाई आ-आफ्नो क्षेत्रको शिक्षामा बढिभन्दा बढी जिम्मेवार बनाउने । र, नेपाल राष्ट्र बैंक, बिमा समिति, समेतसँग सहकार्य र समन्वय गरी संयुक्त पहलमा वित्तीय साक्षरता सम्बन्धी अलग्गै वेबसाइट चलाउने पहल गर्ने ।

**धितोपत्र बोर्ड**

१. नेपाल धितोपत्र बोर्डको प्राविधिक परिवर्तनमा लगानी बढाइ बजारको आधुनिकीकरण, अनुसन्धान, पारदर्शिता र लगानीकर्ताको हकको रक्षाका लागि थप व्यवस्था गर्ने ।
२. लगानीकर्ताका गुनासा, समस्या बुझ्न, सुन्न र समाधानका लागि लगानीकर्तालाई बोर्डसमक्ष गुनासा र समस्या राख्न प्रोत्साहित गर्ने ।
३. धितोपत्र बोर्डको अनुसन्धान विभागलाई बढिभन्दा बढी व्यवस्थित गर्ने, जसले बजारका समस्याबारे अध्ययन गरोस्, लगानीकर्ताका समस्याबारे अध्ययन गरोस्, कानुनी जटिलता र समस्याबारे अध्ययन गरोस्, नयाँ वित्तीय औजार (लगानीका विकल्प) बारे अध्ययन गरोस्, जसका लागि बजारका सहभागी जस्तो, ब्रोकर, लगानीकर्ता, मर्चेन्ट बैंक, स्टक एक्स्चेन्ज, सीडीएस कम्पनी आदिसँग नियमित छलफल र अन्तर्क्रिया गरी समस्या, आवश्यकता थाहा पाउने काम गरोस् र समाधान सिफारिस गरोस् ।
४. राष्ट्र बैंक, बीमा समिति, कम्पनी रजिस्ट्रार, विद्युत् नियमन आयोगसँग समन्वय गरी सेयर बजारसँग सम्बन्धित असमान नियम कानुन वा बाझिएका कानुनमा एकरूपता कायम गर्ने ।

*(साभार: अनलाइनखबर)*

# संवेदनशील प्रणालीमाथि बारम्बार हमला, सरकारको कमजोर प्रतिरक्षा

काठमाडौं/लाखौं नेपालीको बायोमेट्रिकसहितको संवेदनशील तथ्यांक रहेको राहदानी प्रणालीमा 'मालवेयर' छिर्दा अघिल्लो बुधबारदेखि सोमबारसम्म सेवा नै पूर्ण ठप्प भयो । नयाँ ठेक्का गर्ने कि चालु ठेक्का भेरिएसन गर्ने भन्नेबारे स्वार्थ समूहबीच कलह चर्किएका बेला भएको शंकास्पद साइबर हमलाले नेपालका महत्वपूर्ण सरकारी प्रणालीहरुको सुरक्षा पक्ष कति कमजोर छ भन्ने उदांगो भएको छ ।

फ्रान्सको आईडीईएमआईएले सम्हालेको विभागको प्रणालीमा भएको यो आक्रमण र त्यसको प्रभाव अझै निस्तेज भइसकेको छैन, अहिले पनि विभागले जिल्लास्थित प्रशासन कार्यालयहरु र विदेशस्थित नियोगबाट राहदानी सेवा पुन: सुरु गर्न सकेको छैन । कहिलेदेखि यो समस्या समाधान हुन्छ भन्ने निश्चित छैन भने सो आक्रमणका कारण तथ्यांकहरुमाथि क्षति पुगे/नपुगेकोबारे विभागले केही बताएको छैन ।

सरकारी प्रणालीमाथि भएको यो आक्रमण विरलै भएको घटना भने हैन । एक सातादेखि शिक्षा मन्त्रालय अन्तरगतको पाठ्यक्रम विकास केन्द्रको समकक्षताको प्रमाणपत्र दिने अनलाइन प्रणाली बन्द छ । ६ दिनसम्म वेबसाइट चलेको थिएन । अहिले बल्ल वेबाइसट चलाइए पनि अनलाइन प्रणालीले काम गरिरहेको छैन । यो प्रणाली पनि ह्याकरको सिकार भएको देखिन्छ ।

पटक-पटक साइबर आक्रमण भए पनि सुदूरपश्चिम प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, उद्योग, पर्यटन, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय र वन तथा वातावरण मन्त्रालयको वेबसाइट नै चलेका छैनन् । यी मन्त्रालयको वेबसाइट नचलेपछि यीसँग जोडिएका प्रणालीहरु पनि अवरुद्ध छन् । अहिले पनि कयौं स्थानीय तह र सरकारी निकायका वेबसाइटहरु ह्याकरको निशाना बनेका छन्, त्यसैले उनहिरुको वेबसाइट नखुल्ने मात्रै हैन, वेबसाइटमा जोडिएका कतिपय अनलाइन सेवाहरु प्रभावित छन् ।

गत साउनमा राष्ट्रिय किताबखाना (शिक्षक) को प्रणालीमाथि भएको हमलादेखि गत वर्षहरुमा सरकारको केन्द्रीय सर्भरमाथि भएका पटक-पटकका साइबर आक्रमणहरुमा सरकारले विभिन्न निकायको महत्वपूर्ण तथ्यांकहरु गुमाएको थियो ।

अहिले पनि नेपाली नागरिकको औंठाछापसहित १८ थरिका अति वैयक्तिक विवरण राखिएको संवेदनशील राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली पनि पटक-पटक साइबर आक्रमणको कारण देखाएर बन्द हुने गरेको छ । अहिले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग अहिले पनि



यो सिस्टमको 'मेन सोर्स कोड' ( मुख्य स्रोत संकेत) छैन । प्रणालीको निर्माण, सूचीकरण, निर्देशन (कमान्ड), डिजाइन र लेआउटको कार्यक्रम विश्लेषण (प्रोग्राम एनालिसिस) रुपरेखालाई 'सोर्स कोड' भनिन्छ । यो कोड नपाएपछि प्रणाली सञ्चालन र मर्मतका लागि आफूसँग बलियो प्राविधिक टिम समेत नभएको विभाग ६ वर्षदेखि ठेकेदार कम्पनी आईडीईएमआईएमै निर्भर छ ।

राहदानी र पञ्जीकरण विभागको यो प्रणाली उदाहरण मात्रै हो, सरकारका थुप्रै प्रणालीहरु अहिले पनि सफ्टवेयर निर्माण र आपूर्ति गर्ने ठेकेदार र परामर्शदाता (भेन्डर) कम्पनीको नियन्त्रणमा छन् । उनीहरुले आफूअनुकूल निर्णय नहुँदा प्रणालीको सुरक्षामा गम्भीर भएर काम नगर्नेदेखि नियोजित रुपमा प्रणाली बन्द गरिदिनेसम्मका हर्कत गर्ने गरेका छन् । यस्तो समस्याबाट कति निकाय पीडित छन् भन्ने यकिन छैन ।

सरकारी सफ्टवेयर र सूचना प्रणालीहरुको तथ्यांक राख्ने र त्यसलाई व्यवस्थापन र नियमनको व्यवस्था गर्ने जिम्मा सूचना प्रविधि विभागलाई छ । तर, अहिलेसम्म सरकारी निकायहरुसँग कति सफ्टवेयरहरु प्रयोगमा छन् र त्यसको सञ्चालन, व्यवस्थापन कसरी भइरहेको छ भन्नेबारे विभागमा एकीकृत तथ्यांक छैन । अहिलेसम्म प्रणाली निर्माण र खरिद गर्नुभन्दा पहिले अनुमति लिनुपर्ने वा प्रयोग भएका प्रणालीको जानकारी विभागमा दिनुपर्ने व्यवस्था नै छैन ।

प्रणालीहरुलाई आफ्नै नियन्त्रणमा राख्न सरकारी सफ्टवेयर र सूचना प्रणालीको सोर्स कोड आफूसँगै राख्न सरकार उदासीन छ भने प्रणालीका तथ्यांकहरुको सुरक्षा अवस्था जाँच गर्न चासो नदिंदा सरकारी प्रणालीहरु उच्च जोखिममा छन् । धेरै सरकारी सफ्टवेयरका भेन्डरहरु सोर्स कोड नै नदिई हिंडेको गुनासो विभागमा आउने गरेको छ । त्यसो हुँदा सरकारका सूचना र तथ्यांकको सुरक्षामै समस्या आइरहेको छ ।

सरकारी सफ्टवेयरको निर्माण, सुरक्षण, नियन्त्रण, सञ्चालन, व्यवस्थापन र मर्मतसम्भारमा यस्ता अनेकन् कमजोरीहरु हुने गरेका छन् । प्रणाली खरिदको सम्झौता गर्दा नै सरकारलाई सोर्सकोड प्राप्त हुने प्रत्याभूति नगर्ने सरकारी प्रवृत्ति छ । प्रणालीको निर्माण वा विकासअघि सम्झौताकै बेला सफ्टवेयर र त्यस प्रणालीमा रहने सूचना तथा विवरण सुरक्षित रहने शर्त नराख्ने गर्दा समस्या बढ्दै गएको छ । यसले गर्दा खरिद गरिएको प्रणाली कार्यालयको नियन्त्रणमा नरहने र लिन खोज्दा बौद्धिक सम्पत्ति दाबी गर्दै थप रकम माग गर्ने अवस्था विद्यमान छ ।

सूचना प्रविधि विभागका अनुसार जथाभावी ढंगले प्रणाली विकास गर्ने, अरुको लाइसेन्स लिएर चलाउने र भेन्डरमार्फत नै यसको व्यवस्थापकीय काम गर्ने गर्दा सरकारसँग रहेका तथ्यांकहरु नै सुरक्षा जोखिममा छन् । फरक-फरक सरकारी प्रणालीहरुलाई एकआपसमा आवद्ध गर्नेतर्फ पनि विचार नगरी प्रणाली विकास गर्ने र चलाउने प्रवृत्ति कायम रहेको विभागका अधिकारीहरु बताउँछन् । अधिकांश सरकारी कार्यालयमा विशेषज्ञ कर्मचारी नभएकाले धेरै सरकारी निकायले महत्वपूर्ण तथ्यांक रहने प्रणालीहरुको जिम्मा भेन्डर कम्पनीलाई दिएर छाडेका छन् । प्रणाली खरिद गरेपछि निरन्तर सञ्चालन गर्ने, अद्यावधिक गर्ने र समस्या पर्दा तुरुन्तै समाधान गर्ने पक्षमा भेन्डरमै भर परिरहने प्रवृत्तिले गर्दा धेरै प्रणालीको सोर्सकोड सरकारी निकायको हातमा नआउने समस्या बढ्दो छ ।

सरकारी निकायका डिजिटल डेटालाई सुरक्षित राख्न, प्रणालीमा रहेका जोखिम पहिचान गर्न, जोखिमको वर्गीकरण गरी ह्याक हुनबाट रोक्न र सम्भावित सुरक्षा जोखिम तथा खतरालाई न्यूनीकरण गर्न 'सेक्युरिटी अडिट' गर्नैपर्छ । प्रणाली सञ्चालन गर्ने कार्यालयसँग त्यो अडिट रिपोर्टको सिफारिस कार्यान्वयन गर्नसक्ने र प्रढाली आफ्नो नियन्त्रणमा राख्ने प्रणाली र जनशक्ति विकास गर्न जरुरी मानिन्छ । तर, सरकारी निकायबाट यस्तो प्रयत्न भएको नै छैन । अहिले सूचना प्रविधि विभागले सरकारी निकायहरुलाई 'सूचना प्रविधि प्रणाली सुरक्षा परीक्षण सेवा' दिन्छ । सामान्य साइबर सुरक्षाका प्रोटोकल पनि पूरा नगरेको वेबसाइट तथा प्रणालीहरुका लागि यो परीक्षण लाभदायक हुन्छ । तर, विभागले गत आर्थिक वर्ष २०८०/८१मा ६४ वटा निकायका ९० वटा प्रणालीको मात्रै परीक्षण गर्न सक्यो ।

'यो परीक्षणको लागि प्रयोग गरिने टुल्सको लाइसेन्सको सीमा छ, हामीले चाहेर पनि धेरै प्रणालीको परीक्षण गर्न हामी पनि असमर्थ छौं,' विभागका महानिर्देशक रमेश शर्मा पौडेलले भने,'अहिले विभागमा धेरै सरकारी निकायले परीक्षणका लागि आवेदन दिनुभएको छ, तर हामीले हेर्न पाएका छैनौं ।' महानिर्देशक पौडेल अनुसार तथ्यांक सुरक्षाका लागि विभागले दिने परीक्षणको सुविधा मात्रै पर्याप्त हैन, सम्वेदनशील तथ्यांक राखिएका प्रणालीको सुरक्षा पक्ष मजबुत बनाउन सम्बन्धित सकारी निकायहरु आफैं सचेत भएर वृहत किसिमको साइबर सुरक्षा अडिट गराउनुपर्छ ।

साइबर सुरक्षाकर्मी नरेश लामगादे संवेदनशील र महत्वपूर्ण तथ्यांकहरु भएका सरकारी प्रणालीहरु ह्याक हुनु ज्यादै संवेदनशील विषय भएको बताउँछन् । यसकै कारण विभिन्न देशहरुले साइबर सुरक्षाका लागि कडा कानुनहरु बनाइरहँदा नेपाल बल्ल यो विषयमा प्रवेश गरेको उनको भनाइ छ । सरकारले साइबर सुरक्षा नीति ल्याएर हालसालै साइबर सुरक्षा केन्द्र खोलेको छ । तर, साइबर तथा तथ्यांक सुरक्षाबारे अहिलेसम्म नेपालले कुनै विशेष ऐन जारी गरेको छैन ।

साइबर सुरक्षा प्रभावकारी बनाउन नियामक निकायहरुको भूमिका महत्वपूर्ण हुने भन्दै उनले सरकारी प्रणालीहरुको पनि अनिवार्य साइबर सेक्युरिटी अडिट गर्नुपर्ने व्यवस्था गर्न आवश्यक रहेको औंल्याए । 'यो गर्दा प्रणालीमाथिको जोखिम कम हुन्छ,' साइबर सुरक्षाका जानकार लामगादेले भने,'सेवा प्रवाहमा समस्या आउँदैन अनि नागरिकदेखि सकरारका महत्वपूर्ण तथ्यांकहरु सुरक्षित रहन्छन् ।'

सुरक्षालाई कत्ति पनि ध्यान नदिई वेबसाइट र प्रणालीहरु बनाउने गर्दा कमजोरी पत्ता लगाएर ह्याक हुने समस्या बढ्दो छ । प्रणाली कति सुरक्षित छ भनेर जाँच्नु पर्नेमा ध्यान नै नदिने प्रवृत्तिले बढी समस्या ल्याइरहेको उनको भनाइ छ । लामगादेका अनुसार अधिकांश सरकारी वेबसाइट तथा एप्लिकेसनहरु पनि डेभलपरले बनाउने र हस्तान्तरण गर्ने र साइबर सेक्युरिटी जाँच गर्ने अभ्यास देखिँदैन । प्रणाली निर्माण/विकास एउटाले र सुरक्षाको काम अर्कोले गर्दा प्रभावकारी हुने भएपनि सरकारी निकाय प्रणाली विकासकर्ताको नै बढी भर पर्ने गरेको छ ।

'अहिले पनि सफ्टवेयर बनाउने काम प्राथमिकतामा छ, सुरक्षित बनाउनेतर्फ कम छ । कतिपय संस्थाले सुरक्षित छ/छैन भनेर रिपोर्ट माग्दा सफ्टवेयर कम्पनीहरुले अटोमेसन स्क्यानर चलाएको रिपोर्ट ल्याएर बुझाएकोसम्म पाएको छु,' उनी भन्छन् । अहिले नेपालभित्रै साइबर सेक्युरिटी कम्पनीहरु खुलिरहेका छन् । यस्तो तेस्रो पक्षबाट पनि सरकारी निकायले सफ्टवेयर सुरक्षा जाँच गराउन सक्छन् । तर, महत्वपूर्ण भएपनि यस्ता कामलाई सरकारी निकायले प्राथमितामा नराख्ने समास्या छ ।

सूचना प्रविधि विभागमा महानिर्देशक पौडेल भने गत जेठमा खुलेको राष्ट्रिय साइबर सुरक्षा केन्द्रले नै सरकारी प्रणालीहरुको सुरक्षाका लागि काम गर्ने बताउँछन् । त्यसका लागि केन्द्रलाई स्रोतसाधन सम्पन्न बनाएर सरकारी प्रणालीहरुलाई साइबर सुरक्षामा अब्बल बनाउनुपर्ने उनको मत छ ।

'हाम्रो साइबर स्पेसलाई सुरक्षित बनाउन राष्ट्रिय साइबर सुरक्षा केन्द्र खुलिसकेको छ,' उनले भने,'अब हाम्रो आवश्यकताहरुलाई पहिचान गर्दै त्यसअनुसारको नीति, नियम कानुन र व्यवस्थाहरु गर्दै सरकारी प्रणालीलाई सहज, सुरक्षित र सेवाग्राहीमैत्री बनाउनुपर्छ ।' तर, साइबर सुरक्षा केन्द्र भने आवश्यक कम्प्युटर, उपकरण, कार्यालय भवन समेत नभएर अलपत्र भएर बसेको छ । यसले गर्दा सरकारी प्रणालीहरु ह्याकरको चौतर्फी निसानामा छन् भने यसका विरुद्ध सरकारको प्रतिरक्षा भने निकै फितलो बन्न पुगेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'राष्ट्रिय चलचित्र पुरस्कार' : विपिन र स्वस्तिमा उत्कृष्ट घोषित



काठमाडौं/यस वर्षको 'राष्ट्रिय चलचित्र पुरस्कार'मा फिल्म 'प्रसाद २'बाट विपिन कार्की उत्कृष्ट अभिनेता र 'दिमाग खराब'बाट स्वस्तिमा खड्का उत्कृष्ट अभिनेत्री घोषित भएका छन् । बुधबार शीतल निवासमा आयोजित पुरस्कार वितरण समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलको बाहुलीबाट उनीहरुले अवार्ड ग्रहण गरे । उनीहरुले यसअघि पनि राष्ट्रिय अवार्ड प्राप्त गरिसकेका छन् ।

राष्ट्रिय अवार्डमा उत्कृष्ट फिल्म भने 'बुलाकी' बन्यो । यसले अन्य दुई विधामा पनि अवार्ड जितेको छ । लेखनमा राजबहादुर साने र छायांकनमा शिव ढकालले अवार्ड प्राप्त गरेका हुन् । उत्कृष्ट निर्देशकको अवार्ड भने 'दिमाग खराब'बाट निश्चल बस्नेतले प्राप्त गरे । सम्पादनतर्फ 'महाजात्रा'बाट मित्र डी गुरुङ उत्कृष्ट घोषित हुँदा आदिवासी मातृभाषी फिल्मतर्फ 'लोजिमा'ले अवार्ड जितेको छ ।

त्यस्तै, निर्णायक समिति प्रोत्साहन पुरस्कार 'टुल्की'बाट अभिनेत्री स्वस्तिमा कार्कीलाई प्रदान गरियो भने 'जारी'ले व्यावसायिक सफल फिल्मको अवार्ड जित्यो । विशेष चलचित्र पुरस्कार भने 'सतीदेवी', 'सुगुप' (लिम्बु भाषा) र 'मार्कली' (गुरुङ भाषा)लाई प्रदान गरियो । यी तीन फिल्मले सबटाइटलिङको लागि २ लाख रुपैयाँ पुरस्कार पाएका छन् ।

सोही कार्यक्रममा ३ लाख ७५ हजार नगद राशीसहित 'चलचित्र दीर्घ साधना सम्मान' चैत्यदेवी सिंहलाई प्रदान गरिएको छ । उनी नेपालको पहिलो फिल्म 'आमा'की अभिनेत्री हुन् । यसैगरी, विशेष योगदान सम्मानबाट त्यैयव शाह, नारायण प्रधान, नरेन्द्र महर्जन, नन्द किशोर प्रसाद श्रीवास्तव, विद्या कार्की, बुद्धि तामाङ, सबिता गुरुङ लगायत सम्मानित भएका छन् ।

# अब विदेश प्रदर्शन थाल्दै 'ह्रस्व दीर्घ'




काठमाडौं/गत कात्तिक ३० गतेबाट प्रदर्शनमा आएको मल्टीस्टारर फिल्म 'ह्रस्व दीर्घ'ले बक्स अफिसमा सुखद् व्यापार गरिरहेको छ । निर्माताको दावीअनुसार फिल्मको कमाई ७ करोडमाथि पुगिसकेको छ । दोस्रो हप्तामा पनि राम्रो अकुपेन्सी हासिल गरिरहेको फिल्मको अब विदेश प्रदर्शन सुरु हुने भएको छ । बिहीबारबाट अष्ट्रेलिया र मध्यपूर्वका देशमा फिल्म प्रदर्शन हुन लागेको हो ।

अष्ट्रेलियाको ७ सहरका २१ वटा हलमा फिल्म रिलिज हुने वितरक कम्पनी सेभेन सिज इन्टरटेन्मेन्टले जनाएको छ । न्युजिल्याण्डमा पनि बिहीबारदेखि फिल्मलाई प्रदर्शनको तयारी गरिएको छ । त्यस्तै, बिहीबारबाटै मध्यपूर्वका देशहरु यूएई, कतार र बहराइनमा पनि फिल्म प्रदर्शन हुँदैछ । यी तीन देशमा फिल्मले २३ वटा हल पाएको छ ।

फिल्मकी मुख्य अभिनेत्री तथा निर्मात्री नीता ढुंगानाले पहिलो हप्तामै आफ्नो लगानी सुरक्षित भइसकेको जनाएकी थिइन् । भारतमा ओटीटी राइट्स बिक्री गरिसकेको दाबी गर्दै उनले ओभर सिज राइट्स, डिजिटल राइट्स र भारतका हलमा हुने तेलुगु भर्सनको प्रदर्शनसहित आफूले २१ करोड ग्रस देखिसकेको बताएकी थिइन् । यो फिल्म ६ करोडमा निर्माण भएको हो ।

चन्द्र पन्तको निर्देशनमा बनेको फिल्ममा नीतासहित हरिहर अधिकारी, प्रशान्त ताम्राकार, सञ्चीता लुईटेल, विपना थापा, सरोज खनाल, नरेन खड्का, गरिमा शर्मा, किरण केसी, आदर्श मिश्रका साथै साउथबाट ब्रह्मानन्दम, अली, कवीर दुहान सिंह, प्रदीप रावत र सुनिल वर्माको अभिनय छ । फिल्मले हरिहर र नीताबीचको प्रेममा आउने उतार-चढावको कथालाई पेश गरेको छ ।

# 'सिंघम अगेन' घाटामा, 'भूल भूलैयाँ ३' सय करोड नाफामा

काठमाडौं/दीपावलीमा प्रदर्शन भएका दुई बलिउड फ्रेन्चाइज फिल्म 'सिंघम अगेन' र 'भूल भूलैयाँ ३'ले भीडन्तका बाबजुद इनिसियल व्यापार आक्रामक गरे । दुई फिल्मलाई टक्करको ओपनिङ मिलेको थियो । पहिलो हप्तामै दुवै फिल्मले डेढ सय करोडको आँकडा नघाएका भए । दोस्रो र तेस्रो हप्ता पनि व्यापारिक गति राम्रो रह्यो । अब भने दुवै फिल्म हलबाट उत्रने संघारमा पुगिसकेका छन् ।

भारतीय अनलाइन पोर्टल बिजनेश टूडेका अनुसार 'भूल भूलैयाँ ३' र 'सिंघम अगेन'को अकुपेन्सी १० प्रतिशतभन्दा तल झरिसकेको छ । यद्यपि, व्यापारमा भने 'भूल भूलैयाँ ३' अगाडि देखिएको छ । चौथो हप्ताको मंगलबारसम्म फिल्मले २ सय ४९ करोड नेट कमाएको ट्रेड पोर्टल स्याकेनिल्कले उल्लेख गरेको छ । 'सिंघम अगेन'को व्यापार भने २ सय ४१ करोड नेट पुगेको छ ।

'भूल भूलैयाँ ३'ले चौथो मंगलबार १ करोड १० लाख कमाउँदा 'सिंघम अगेन'ले ६० लाख मात्र जोड्यो । अब बुधबारको व्यापारले 'भूल भूलैयाँ ३'ले २ सय ५० करोडको 'माइलस्टोन' पूरा गर्नेछ । योसँगै फिल्मले १ सय करोड नाफा कमाउने इन्डिया टाइम्सले उल्लेख गरेको छ । यसलाई ठूलो उपलब्धि मानिएको छ । यो फिल्म १ सय ५० करोडमा बनेको हो ।

एकसाथ प्रदर्शनमा आएको 'भूल भूलैयाँ ३'ले राम्रो नाफा कमाउँदै गर्दा ठूलो बजेटका कारण



'सिंघम अगेन' भने हलको व्यापारबाट घाटामा जाने भएको छ । किनकि, यो फिल्म अझै पनि लगानीभन्दा लगभग १०९ करोड टाढा छ । यसको निर्माण लागत ३ सय ५० करोड जनाइएको छ । फिल्मको ओटीटी राइट्स अमेजन प्राइमले किनिसकेकाले निर्माताको लगानी भने सुरक्षित हुने देखिन्छ ।

अबको एक हप्तामा रिलिज हुन लागेको साउथको ठूलो सिक्वेल फिल्म 'पुष्पा २'ले 'सिंघम अगेन' र 'भूल भूलैयाँ ३' दुवैलाई हलबाट बढार्ने निश्चित छ । भारतीय बक्स अफिसमा 'पुष्पा २'ले सुनामी ल्याउने प्रक्षेपण गरिएको छ । फिल्मको क्रेजलाई मध्यनजर गर्दै शनिबारबाट अग्रिम बुकिङ खुला गरिँदैछ । यसले भारतमा मात्र एक हजार करोड कमाउन सक्ने सम्भावना देखिन्छ ।

# खुला विश्वविद्यालयमा कुलपतिकै निर्णय मान्रुदिनन् उपकुलपति

काठमाडौं/खुला विश्वविद्यालयमा खुला प्रतिस्पर्धाबाट सामाजिकशास्त्र तथा शिक्षा संकाय डिन नियुक्त भएका हुन् डा. खगेन्द्र प्रसाईं । कार्यकारी परिषद्ले १९ चैत २०७९ मा उनलाई डिन नियुक्त गरेको थियो । तर उपकुलपति शिलु मानन्धर बज्राचार्यले गत ४ मंसिरमा प्रसाईलाई निलम्बन गरी पदमुक्त गरिन् । 'आफूसँग नभएको अधिकार प्रयोग गरेर उपकुलपतिले बर्खास्त गर्नुभयो । नियमको ठाडो उल्लंघन भयो,' प्रसाईंले गुनासो गरे ।

उपकुलपति बज्राचार्यले नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ को दफा १८ को उपदफा ३ अनुसार पदमुक्त गरिएको पत्रमा उल्लेख गरेकी छन् । तर, उक्त दफाले डिनलाई कारबाही गर्ने होइन, उपकुलपतिलाई 'विश्वविद्यालयको काम कारबाहीमा निर्देशन दिने र रेखदेख गर्नसक्ने' अधिकार दिएको छ ।

डिनलाई कारबाही गर्ने अधिकार भने ऐनले सिनेटलाई दिएको छ । विश्वविद्यालय ऐनको दफा २६ मा सिनेटको एक चौथाइ सदस्यले लिखित निवेदन दिएमा कुलपतिले डिनलाई पदबाट हटाउन सकिने प्रावधान छ । यसमा पनि कुलपतिले सभाको एक सदस्यको अध्यक्षतामा तीन सदस्यीय छानबिन समिति गठन गर्ने र उक्त समितिले कुलपतिलाई प्रतिवेदन बुझाएपछि सभामा पेश गरेर मात्र पदबाट हटाउन सकिने प्रावधान छ ।

उपकुलपति बज्राचार्यले डिन प्रसाईलाई पदमुक्त गर्नुको कारण पत्रमा खुलाइएको छैन । तर विश्वविद्यालय स्रोतका अनुसार एउटा परियोजनासँग सम्बन्धित विषयमा डिन प्रसाईंलाई उपकुलपति बज्राचार्यले स्पष्टीकरण सोधेकी थिइन् ।

प्रसाईंले दिएको स्पष्टीकरण चित्त नबुझेको भन्दै उनलाई पदमुक्त गरेको विश्वविद्यालयका कर्मचारी बताउँछन् । आफूमाथि उपकुलपति बज्राचार्य पूर्वाग्रही भएको निष्कर्ष प्रसाईंको छ । 'उपकुलपतिले ममाथि पूर्वाग्रह साध्नुभयो,' उनले भने । त्यसपछि डिन प्रसाईंले कानुन विपरीत पदमुक्त गरिएको भन्दै उपकुलपतिको निर्णय बदर गर्न कुलपतिलाई निवेदन दिए । खुला विश्वविद्यालयमा शिक्षामन्त्री कुलपति हुने प्रावधान छ । ऐन विपरीत डिनलाई पदमुक्त गरेपछि विश्वविद्यालयकी कुलपति एवं शिक्षामन्त्री विद्या भट्टराईले उपकुलपति बज्राचार्यलाई तीन दिने स्पष्टीकरण सोधिन् । कुलपति भट्टराईले मंसिर ७ मा उपकुलपति बज्राचार्यलाई स्टीकरण सोधेकी थिइन् । 'पदमुक्त गर्ने निर्णय तपाईंले विश्वविद्यालय ऐन अनुसार कारबाही प्रक्रिया अगाडि बढाउनु भएको भए, सोको विवरण स्पष्ट खुल्नेगरी कार्यकारी परिषदबाट भएको निर्णय, कार्यकारी परिषद्बाट सोधिएका स्पष्टीकरणका पत्रसहित निजले पेश गरेका स्पष्टीकरण समेत समावेश गरी पत्र प्राप्त भएको मितिले तीन दिनभित्र पेस गर्नु,' कुलपति भट्टराईले उपकुलपति बज्राचार्यलाई सोधेको स्पष्टीकरणमा भनिएको छ ।

साथै, कुलपति भट्टराईले डिन प्रसाईलाई यथावत् जिम्मेवारीमा कामकाज गराउन निर्देशन दिएकी छिन् । तर उपकुलपति बज्राचार्यले डिन प्रसाईलाई पदमुक्त यथावत रहेको पत्र थमाएकी छिन् । कुलपति भट्टराईलाई स्पष्टीकरणको जवाफ दिँदै उपकुलपति बज्राचार्यले 'आफूले गरेको निर्णय सही भएको र पदमुक्त यथावत रहेको' उल्लेख गरेकी छन् । 'उहाँ (उपकुलपति)को स्पष्टीकरण पत्र आएको छ । थप अध्ययन गर्दैछौं,' कुलपति एवं शिक्षामन्त्री भट्टराईले संचारकर्मीलाई भनिन् ।

उपकुलपति बज्राचार्यले यो विषय अदालतमा विचाराधीन रहेको बताउँदै आएकी छिन् । तर, प्रसाईं भने यो मुद्दा अदालतमा विचाराधीन नरहेको जिकिर गर्छन् । 'अदालतमा मुद्दा विचाराधीन छैन,' प्रसाईंले भने, 'म अन्यायमा परें भनेर अदालत गएको थिएँ तर कुलपतिबाट माग सम्बोधन भएपछि अदालतबाट फिर्ता भइसकें ।'

प्रसाईंलाई पदमुक्त गरेर उपकुलपति बज्राचार्यले कामु डिन नियुक्त गरेकी थिइन् । त्यो पनि कार्यकारी परिषद्बाट हुनुपर्नेमा उपकुलपति बज्राचार्यको एकल निर्णय भएको विश्वविद्यालयका अधिकारीहरू बताउँछन् । यसरी कामु पाएका व्यक्ति कार्यभार सम्हाल्न आएका छैनन् ।

### उपकुलपति बज्राचार्यको एकलौटी निर्णय

उपकुलपति बज्राचार्यले यसअघि पनि विज्ञान संकायको डिनमा सुरेन्द्र श्रेष्ठलाई नियुक्त गरेकी थिइन् । कार्यकारी परिषद् सदस्य प्राडा सुधा त्रिपाठीलाई नबोलाई बज्राचार्यको एकल निर्णयले डिन श्रेष्ठलाई डिन नियुक्त गरेपछि त्रिपाठी अदालत गएकी थिइन् ।

'मेरो कार्यकाल ४-५ महिना बाँकी थियो । मलाई बैठकमा नबोलाई डिन नियुक्त गर्नुभयो । त्यसपछि मुद्दा हालेको हुँ' त्रिपाठीले भनिन्, 'डिन कार्यकारी परिषद्ले नियुक्ति गर्ने हो ।' उपकुलपति ब्रजाचार्यले एकलौटी निर्णय गर्नेगरेको त्रिपाठीको आरोप छ । 'उहाँका कारण प्राध्यापक र कर्मचारीहरू रोएर बसेका छन् । प्राध्यापक र कर्मचारीको कल्याणको लागि अदालत गएको हुँ,' त्रिपाठीले भनिन् । बज्राचार्यले विवाद मिलाउनेभन्दा षड्यन्त्र मात्र गर्ने गरेको उनको आरोप छ ।

यी विषयमा कुरा गर्न संचारकर्मीले पटकपटक फोन सम्पर्क गरे पनि उपकुलपति बज्राचार्य सम्पर्कमा आइनन् । प्राध्यापक र कर्मचारीले विश्वविद्यालयको मूल ढोकामा ताला लगाएको तीन दिन भइसक्दा पनि माग सम्बोधनका लागि संवाद नै सुरु नभएको बताएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# वक्तृत्वकलामा नाटेश्वरकी आकृति केसी प्रथम



साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ पालुङ जेसीजको वर्ष २०२४ को सप्ताहव्यापी कार्यक्रमअन्तर्गतको चौँथो दिन माध्यमिक तहस्तरीय वक्तृत्वकला प्रतियोगिता भएको छ ।

बुधबार पालुङ जेसीजको सभाहलमा भएको प्रतियोगितामा नाटेश्वर मावि थाहा-१० की छात्रा आकृति केसी प्रथम, पालुङ भ्याली हार्ट एकेडेमी थाहा-३ की छात्रा सुमिना थापा द्वितीय, सरस्वती बिद्यामन्दिर थाहा-६ की छात्रा राशी श्रेष्ठ तृतीय भएका थिए । वक्तृत्वकला प्रतियोगितामा प्रथम, द्वितीय र तृतीयलाई जेसीज सप्ताह समापनको दिन १५ गते शनिवार क्रमश: नगद ३ हजार, २ हजार र १ हजार सहित मेडल र प्रमाणपत्र प्रदान गरिने कार्यक्रम संयोजक रोशनी गोपालीले बताइन् ।

प्रतियोगितामा थाहा नगरपालिका भित्रका १० विद्यालयका १९ जना विद्यार्थीको सहभागिता रहेका पालुङ जेसीज बर्ष २०२५ का महासचिव विक्रम गोपालीले बताए ।

पालुङ जेसीज बर्ष २०२४ का अध्यक्ष निरज रायमाझीको अध्यक्षतामा सञ्चालन भएको प्रतियोगितामा थाहा नगरपालिका शिक्षा शाखाप्रमुख माधवबिक्रम मल्लको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा पालुङ जेसीजका पूर्वअध्यक्ष सुरेन्द्रमान प्रधान, कुमार नेगी, कार्यकारिणी उपाध्यक्ष एवम् जेसीज सप्ताह मूलकार्यक्रम संयोजक मानसिं दोङ, कोषाध्यक्ष सञ्जय गोपाली, उपाध्यक्ष एवम् सप्ताह सह-मूल कार्यक्रम संयोजक नारायण कार्की, उपाध्यक्ष स्मिता बिष्टलगायतको उपस्थिति रहेको थियो । सप्ताह कार्यक्रमअन्तरगत भोलि बिहीबार ऋणेश्वर प्रावि दामनका विद्यार्थीलाई भरत-रत्न छात्रबृत्ति बितरणको कार्यक्रम रहेका महासचिव बिक्रम गोपालीले बताए ।

# कैलाशमा सांस्कृतिक तथा कृषि मेलाको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ मकवानपुरको विकटक्षेत्र कैलाश गाउँपालिकामा 'बृहत साँस्कृतिक कार्यक्रम तथा कृषि प्रदर्शनी मेला २०८१' को आयोजना गरिने भएको छ ।

कालिका मेला व्यवस्थापन समितिको आयोजना तथा कैलाश गाउँपालिकाको आर्थिक सहयोगमा मेला हुने भएको हो ।

कला, संस्कृति, कृषि र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले कैलाश गाउँपालिका वडा नम्वर ३, कालिकाटारमा आयोजना हुने मेला मंसिर ३० गते र पुष १ गते गरी दुई दिनसम्म संचालन हुनेछ । मेलामा विशेष आकर्षणको रुपमा ऐतिहासिक मारुनी नाच प्रदर्शन हुने आयोजकले जनाएको छ ।

मेलामा दर्जन बढी स्थानीय तथा राष्ट्रिय कलाकारको प्रस्तुती रहनेछ । जसमा, चर्चितगायक उर्गेन दोङ, मकवानपुरे चर्चितगायक प्रकाश तामाङ, प्रतिमा अर्याल, र विनकुमार प्रजा, बालिका तामाङ, अविराम मोक्तान, डि.जे. च्याङ्बा, सुन्दर लामा, सजन चेपाङ, राजन लामा र माझी लगायतले प्रस्तुती दिनेछन् । मकवानपुरको चर्चित ब्याण्ड 'सिक्स स्ट्रीङ ब्याण्ड' र श्रृजना कलाकेन्द्रको प्रस्तुती पनि रहने जनाइएको छ ।

# देवकी माविमा नेविसंघको नयाँ इकाई समिति गठन



साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ नेपाल विद्यार्थी संघले बागमती गाउँपालिका-५ नम्बर वडामा रहेको देवकी मावि (प्राबिधिक शिक्षालय) मा नयाँ इकाई समिति गठन गरेको छ । संघले आफ्नो इकाई बिस्तार कार्यक्रम अन्तर्गत यो माविमा इकाई समिति गठन गरेको हो ।

माविको विद्यार्थी भेलाबाट अनमोल तितुङको नेतृत्वमा २३ सदस्यीय कार्यसमिति गठन गरिएको छ । यस्तै, भेलाबाट उपाध्यक्षमा चन्द्रीमाया मोक्तान, सचीवमा पवन दर्लामी, सहसचीवमा सजन थिङ र कोषाध्यक्षमा बिमला घिसिङ लगायत पदाधिकारी चयन भएका छन् ।

भेलाले विकास गोले, सन्जिव गोले, बिजय घिसिङ, सन्जय माझी, अनमोल पाख्रिन, रबिन्द्र तितुङ, रेनुका राना मगर, बिष्णु रुम्बा, सुकुमाया गोले, मनमाया हिमडुङ, बिन्दिया माझी, मनिषा गोले, शान्तिमाया पाख्रिन, बिबिमाया घिसिङ, अन्जना जर्गामगर, जुनकिरीमाया घिसिङ र नवीन राई लगायत कार्यसमिति सदस्य चयन भएका हुन् ।

नेविसंघ मकवानपुर जिल्ला सचिव सुनिल भोम्जनको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा नेपाली कांग्रेस मकवानपुर क्षेत्रीय सचिव शंकरकुमार पराजुली, नेपाली कांग्रेस बागमती गाउँपालिका सचिवद्वय चिजकुमार परियार र सुदिप पाख्रिन, नेपाली कांग्रेस नेताहरु जयबहादुर वाईबा, प्रकाश घलानलगायत उपस्तिथि रहेको थियो । कार्यक्रम नेविसंघ विद्यार्थी नेता बसन्त घोरासैनीको सभाध्यक्षतामा भएको हो ।

# गैरीगाउँको महायज्ञमा १४ लाख ८६ हजार संकलन



साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१७ गैरीगाउँमा ७ मंसिरबाट जारी श्रीमद्बाल्मिकीय रामायण नवाह ज्ञानमहायज्ञको ६ दिनसम्ममा १४ लाख ८६ हजार १६५ रुपैयाँ दान संकलन भएको छ ।

श्रीमद्भागवत ज्ञानसञ्चार बृद्धाश्रम अक्षयकोष स्थापनार्थ भइरहेको नवाह ज्ञानमहायज्ञमा बुधबारसम्ममा १४ लाख ८६ हजार १६५ रुपैयाँ दान संकलन भएको हो । महायज्ञमा पहिलो र दोस्रो दिनमा १ लाख ९७ सय ७०८ हजार रुपैयाँ, तेस्रो दिन ५२ हजार ४९१ रुपैयाँ, चौथो दिन २ लाख ९ हजार ४०८ रुपैयाँ, पाँचौ दिन ४ लाख ४९ हजार ६९८ रुपैयाँ, छैठौं दिन ५ लाख ७६ हजार ८६० रुपैयाँ संकलन भएको छ ।

अक्षायकोषका लागि हालसम्म पुरषोतम तिमल्सिना, दामोदर तिमल्सिना, रामचन्द्र तिमल्सिना, मिरा महत कार्की, गान्जु कटुवालबाट एक लाख भन्दा बढी र मूल गेट निर्माणका लागि सुजाता मैनाली, शुभनाथ दाहाल परिवार, विसक्सेन भट्टराई एवम् रुक्मणि भट्टराईबाट एक लाख बढी रकम प्राप्त भएको छ । महायज्ञमा हेटौंडा-१७ का पद्माकुमारी तिमल्सिना, उद्धब तिमल्सिना, चक्रधरि दाहाल र जानुका दाहालबाट तुलादान भएको थियो । १५ मंसिर सम्म हुने महायज्ञबाट संकलित सम्पूर्ण रकम अक्षयकोषमा जम्मा हुने जनाइएको छ ।

# कृषिवन उद्यम सहकारी प्रवर्द्धन तालिम समापन



साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ग्रीन फाउण्डेशन नेपालको आयोजनामा भएको सामुदायिक वन उपभोक्ता महासंघको समन्वयमा हेटौंडामा तीनदिने कृषिवन उद्यम सहकारी प्रवर्द्धन तालिमको समापन भएको छ ।

कार्यक्रमको समापनका अवसरमा बोल्दै बागमती प्रदेशका वन तथा वातावरण मन्त्री कृष्णप्रसाद सिल्वालले कृषि र वनसँग जोडेर उद्यम बन्नका लागि सबैमा आग्रह गरे । तालिममा लिएको सीपलाई व्यवहारमा उतार्नुपर्नेमा उनको जोड छ । आर्थिकरुपमा सम्पन्न हुनका लागि कृषि र वनसँग जोडिएर काम गर्नका लागि उनको आग्रह छ ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य तथा सामुदायिक वन उपभोक्ता महासंघका निबर्तमान अध्यक्ष भारती पाठकले कृषि र वनलाई जोडेर धेरैखालका उद्यम गर्न सकिने बताइन् । अहिले बेसार उत्पादन गर्ने हो भने पनि धेरै पैसा आर्जन गर्न सकिने उनको भनाई छ । रुख काट्ने मात्र भन्दा पनि यसको उपभोग अहिलेको आवस्यक्ता रहेको पाठकले बताइन् ।

# शान्ति स्वावलम्वन सहकारीको अध्यक्षमा उप्रेती

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ शान्ति स्वावलम्वन वचत तथा ऋण सहकारी संस्था लिमिटेडको अध्यक्षमा माधवप्रसाद उप्रेती चयन भएका छन् । मनहरी गाउँपालिका-१ मा रहेको यो सहकारीको १९ औं साधारणसभा तथा सातौं अधिवेशनबाट पूर्वअध्यक्ष उप्रेतीको नेतृत्वमा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरिएको हो ।

सहकारीको उपाध्यक्षमा नितुमाया थिङ, सचिवमा गोपिराम मोक्तान, कोषाध्यक्षमा सुन्तलीमाया रुम्बा चयन भएका छन् । यसैगरी, सदस्यहरुमा क्रमश: प्रमिसा खनाल, विनु विष्ट अधिकारी, भरतप्रसाद बर्तौला, गोविन्दप्रसाद गुरागाइँ र रत्नबहादुर रुम्बा चयन भएका छन् ।

लेखा समिति संयोजकमा वंशीगोपाल कंडेल तथा सदस्यमा विष्णुप्रसाद अधिकारी र कोपिला लटौला रहेका छन् । सहकारीको साधारणसभा संस्थाका अध्यक्ष विष्णुप्रसाद अधिकारीको अध्यक्षता एवम् मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्यतामा भएको हो ।

# कार्यसक्षमता नदेखिए मन्त्री बदल्ने प्रधानमन्त्रीको चेतावनी

काठमाडौं, १२ मंसिर/ प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रीहरूको क्षमता प्रभावकारी नदेखिए परिवर्तन हुनसक्ने चेतावनी दिएका छन् ।

बुधबार सिंहदरबारमा मन्त्रालयहरूको त्रैमासिक समीक्षा बैठकमा बोल्ने क्रममा उनले मन्त्री परिवर्तन हुनसक्ने संकेत गर्दै प्रभावकारी रुपमा काम गर्न प्रष्ट निर्देशन दिएका छन् ।

कुनै पनि मन्त्रीको कार्यसक्षमता प्रभावकारी नभए समीक्षा गर्नुपर्ने प्रधानमन्त्री ओलीको भनाइ थियो । प्रधानमन्त्री, मन्त्री र सचिवले सकारात्मक परिणामका लागि आफ्नो ठाउँबाट हस्तक्षेप गर्नुपर्ने र काम नगर्ने कर्मचारीलाई सरुवा मात्रै नगरेर कारबाही गर्नुपर्ने उनले बताए ।

'प्रक्रियावादमा मात्रै नअल्झिऔं । हामीले जनताका अपेक्षा बमोजिम ठोस र परिणाममूलक काम गर्न सक्नुपर्छ । देशमा रोजगारी र आम्दानी बढाउने नीति लिनुपर्छ,' प्रधानमन्त्री ओलीले निर्देशन दिँदै भने, 'काम नहुँदा निरीह भएर हेरेर मात्रै हुँदैन, अब के गर्ने भन्ने ठोस योजना मलाई चाहियो । हामी सरकारमा भएको उपादेयता हुनुपर्‍यो । हिम्मतिलो तरिकाले अगाडि बढौं ।'

अब अल्याङटल्याङ गर्ने समय नभएको, मन्त्रीको कार्यसक्षमता प्रभावकारी नभए सोच्नुपर्ने बेला भएको र कर्मचारीले उत्साहका साथ काम गर्नुपर्ने समय रहेको बताए ।

## शिक्षक आवश्यकता

उपर्युक्त सम्बन्धमा शिक्षा विकास महाशाखा, हेटौंडा उपमहानगरपालिकाको च.नं. २५७ मिति २०८१।०८।०७ को शिक्षण प्राप्त पदपूर्ति अनुमति पत्रानुसार र वि.व्य.स.को मिति २०८१।०८।१२ को निर्णयानुसार यस विद्यालयलाई प्राप्त मा.वि. शिक्षण सिकाई अनुदान (विज्ञान विषय) रकमबाट तपशिल बमोजिमको माध्यमिक शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले उल्लेखित योग्यता पुगेका नेपाली नागरिकहरुबाट आजको मितिले १५ दिनभित्र रितपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**तपशिल:**

| क्र.सं. | विज्ञापन नं. | पद | विषय | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०८१/०८२ | मा.वि. अनुदान शिक्षक | विज्ञान | १ |

उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक
तलब : नेपाल सरकारले तोके बमोजिम अनुदान रकम
आवश्यक शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा वि.एड. वा सो सरह उत्तीर्ण
परीक्षा दस्तुर : रु.२०००।- (अक्षेरुपी दुई हजार मात्र)
दरखास्त दिने अन्तिम मिति : २०८१/०८/२७ गते (विद्यालय समयभित्र)
सम्पर्क मिति : २०८१/०८/२८ गते
परीक्षा मिति : सम्पर्क मितिको दिन जानकारी गराइनेछ ।
परीक्षाको किसिम : लिखित र मौखिक (आवश्यकता अनुसार कक्षावलोकन)
आवश्यक कागजात : नेपाली नागरिकता, मा.वि. तहको स्थायी अध्यापन अनुमति पत्र, शैक्षिक योग्यता र अनुभवको प्रमाणित प्रतिलिपि २/२ थानका साथ हस्तलिखित निवेदन

थप जानकारीका लागि:

**श्री अमर माध्यमिक विद्यालय**
हेटौंडा-१, मकवानपुर
सम्पर्क नं. : ०५७-५२२०६५

## आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेरमात्र सुतौं,
- आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- गिजरलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं,
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरुममा नबसौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

HETAUDA SUB-METROPOLITAN CITY
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
HETAUDA, MAKAWANPUR
BAGMATI PROVINCE, NEPAL

## Invitation for Sealed Quotation

**First date of Publication:2081/08/13 B.S. (28thNovember, 2024)**

Hetauda Sub-Metropolitan City, Hetauda, Makawanpur invites only electronic bids for the following Works under Sealed Quotation.

| S.N. | IFB No. | Name of Project | Estimated Amount Excluding VAT, & Contingency (NRs. | Price of Bid Document | Bid Submission Deadline | Bid Security |
|---|---|---|---|---|---|---|
| 1. | HSMC/WORKS/ 07/081/82 | Construction of Various Infrastructure Works in Fish and Meat Market in Hetauda-10 | NRs. 1,712,157.04 | NRs.1,000 | 2081/08/28 B.S. (13thDec,2024) 12:00 Hours | NRs. 50,000.00 |

Eligible bidders may obtain further information from Hetauda Sub-Metropolitan City Office during office hour or may visit PPMO web portal *www.bolpatra.gov.np/egp* for complete set of Bidding Documents.
**Tel: 057-523045, 057-523076**
**Email: info@hetaudamun.gov.np, planning@hetaudamun.gov.np**

**Chief Administrative officer**

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
**हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)**
सम्पर्क: ९८४५१७०९४१५, ९८१७८२८४६१४, ९८४५९२७०५७

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना